www.ekantipur.com
शनिबारको
काठमाडौं, विराटनगर, भरतपुर र नेपालगन्जबाट एकैसाथ प्रकाशित
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

वर्ष १९ अंक २८२ काठमाडौं | १७ मंसिर २०६८ शनिबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११३२ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, December 3, 2011 | www.ekantipur.com | पृष्ठ १२+८+६ | ५ रुपैयाँ




# भट्टराईका १०० दिन

## नेपाली सेनाको तत्परता, माओवादीको लचकता, भारतीय शुभेच्छा र कांग्रेस-एमालेको चाहना एकैठाउँमा आउँदाको सुखद परिणाम हो बितेका साताहरूमा शान्ति प्रक्रियामा भएको प्रगति

**दिनेश वाग्ले**, काठमाडौं

खोप्लाङ, गोर्खाका बाबुराम भट्टराईले प्रधानमन्त्रीका रूपमा यो साता बालुवाटार, काठमान्डुमा सय दिने मधुमास पूरा गर्दैछन् । सामान्य अवस्थामा उनको कार्यावधिको मूल्यांकन आगामी मंगलबार थालिनुपर्ने हो । तर कतिपय रुष्ट नेपालीहरूले आफ्ना ३५ औं प्रधानमन्त्रीको राजीनामा अहिल्यै मागिसकेका छन् ।

'बाबुराम, पद छाड' भन्नेहरूको त्यो सूचीमा विपक्षी दलहरूका नेता र आफ्नै पार्टीभित्रका 'खुट्टा तान्ने कमरेडहरू' मात्रै भए त्यसलाई राजनीतिक दाउपेचको एउटा अस्वाभाविक उदाहरण भन्दै अस्वीकार गर्न हुन्थ्यो । तर यहाँ दुई महिनाअघिसम्म ५७ वर्षे भट्टराईलाई 'हृदयका राजा', 'आशाका केन्द्र' र 'आइडल' जस्ता प्रेम र प्रशंसाका शब्दहरू बर्साउने कतिपयले नै सबैभन्दा ठूलो मन्त्रिमण्डल बनाएको, हत्यारालाई माफी दिन खोजेको, प्रशासनयन्त्रलाई 'ध्वस्त' बनाएको भन्दै गाली गरेका छन् । प्रशंसकहरू निराश हुँदै उनलाई आफ्नो अपेक्षाविपरीत, अघिल्ला प्रधानमन्त्रीहरूजस्तै, निष्प्रभावी र 'उही ड्याङका मूला' भन्न थालेका छन् भने आलोचक र शंकालुहरू चाहिँ 'मैले त भनेकै थिएँ नि' जस्ता शब्दावलीबाट कुरा थाल्छन् ।

'पहिले घरभित्र पसेर अवस्था के छ भन्ने नबुझी उहाँले बोल्नुभयो, मान्छेहरूले आशा गरे,' पूर्वप्रशासक तथा पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले भने, 'अर्थमन्त्रीका रूपमा बनेको उहाँको राम्रो छविमा आधारित भएर जनताले उहाँबाट बढी नै आशा गरे । व्यक्तिगत रूपमा उहाँ अहिले पनि बदनाम हुनुभएको छैन । 'भट्टराईले यसो गरे, उसो गरे, खाए' भन्ने सुनिएको छैन । शान्ति प्रक्रिया टुंगिने बाटोमा बढेको छ, त्यसको जस उहाँलाई जाला । तर शासनलाई राम्रो पाटोमा लैजान र नतिजा देखाउने सन्दर्भमा उहाँ असफल हुनुभयो ।'

भट्टराईका सय दिन सफल-असफल के भए भन्ने कुरा यी सय दिनमा उनले सबैभन्दा प्राथमिकतापूर्वक के गर्नुपर्थ्यो भन्ने प्रश्नको जवाफमा भर पर्छ । भट्टराईका समर्थक र आलोचकहरू त्यो प्रश्नका दुई छुट्टाछुट्टै जवाफ दिन्छन् । अघिल्लाहरू निसास्सिएको शान्ति प्रक्रियालाई नयाँ जीवन दिएर कुदाएको भन्दै भट्टराईको मधुमास सफल रहेको दाबी गर्छन् । पछिल्लाहरूचाहिँ अस्थिरता, महँगी, भ्रष्टाचार र कुशासनबाट मुक्ति देलान् भनेको तर केही नगरेको भन्दै भट्टराईका असफलताको फेहरिस्त अघि सार्छन् । एउटाले शान्ति प्रक्रियालाई र अर्कोले सुशासनलाई जोड दिए पनि दुवै पक्ष आफ्नो दृष्टिकोणमा गलत छैनन् ।

अनि सबै सहमत भएको एउटा कुरा के हो भने प्रधानमन्त्री हुँदा लोकप्रियताको चुलीमा रहेका भट्टराई सय दिन नबित्दै अलोकप्रियताको भुइँमा पछारिएका छन् । भट्टराईको छविमा आएको यो उलटपुलटले बदलिएको राजनीतिक परिस्थितिमा नेपालका नेताहरूलाई काम गरेर देखाउन जनताले कति छोटो समय दिन्छन् र कति नजिकबाट नेताहरूका क्रियाकलाप नियाल्छन् भन्ने स्पष्ट पारेको छ ।

**शान्तिमा प्रगति**

भट्टराईका पालामा शान्ति प्रक्रियामा उपलब्धि भए पनि त्यसको सबै जस उनैलाई मात्र नजाने देखिएको छ । सेनामा समायोजन गरिने लडाकुको सख्या निर्धारणमा दलहरूबीच सहमति भएपछि उनीहरूलाई सेनामा जान खोज्ने, सोझै निवृत्त हुन चाहने र सीपमूलक तालिममार्फत समाजमा पुनःस्थापित हुने तीन समूहमा वर्गीकरण गरिएको छ ।

यो विकासलाई शान्ति सम्झौतामा हस्ताक्षर गर्ने गिरिजाप्रसाद कोइरालाको नेतृत्वको र भट्टराई सरकारका बीचमा बनेका तीनवटा सरकार (प्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनाल) ले 'गर्न नसकेको काम' भनी भट्टराईका समर्थकहरूले चित्रण गरेका छन् । विभिन्न पार्टी र शक्तिकेन्द्रहरूको स्वार्थ जोडिएको प्रक्रियालाई त्यति सरलीकृत गरेर उनीहरूलाई 'अक्षम' को पगरी गुताउनु दाहाल, नेपाल र खनालप्रति अन्याय हुन्छ । किनकि प्रधानमन्त्री एक्लैले शान्ति प्रक्रिया अघि बढाउन सम्भव थिएन र छैन ।

त्यसैले बितेका केही सातामा भएको प्रगतिको जस भट्टराईलाई मात्र दिनु पनि वास्तविकताको पूर्ण ख्याल नगरी निकालिएको निष्कर्ष हुन्छ । नेपाली सेनाको तत्परता, माओवादी लचकता, भारतीय शुभेच्छा र कांग्रेस-एमालेको चाहना एकैठाउँमा आउँदाको सुखद परिणाम हो, बितेका साताहरूमा शान्ति प्रक्रियामा भएको प्रगति । त्यसैले शान्ति प्रक्रिया टुंगिन लागेको यो स्थितिको जस धेरै शक्तिमा छरिन्छ । तर त्यो प्रगतिले जनतामा प्रत्यक्ष असर पार्दैन जसले तत्काल भट्टराईलाई बेफाइदा पुऱ्याएको जस्तो देखिन्छ । माओवादी लडाकुहरू सेनामा जाऊन् या तत्कालै पैसा बोकेर निवृत्त होऊन्, अव्यवस्थाको जालोमा परेका जनतालाई के चासो ?

'शान्ति प्रक्रिया राजनीतिक संक्रमणसँग सम्बन्धित छ,' वामपन्थी विश्लेषक मुमाराम खनालले भने, 'त्यो प्रक्रिया सफल हुँदाको असर अहिल्यै पर्ने होइन र तत्कालै कसैले महसुस गर्ने होइन । त्यसैले जनतालाई त्यो उपलब्धिले छोएको छैन । दीर्घकालमा त्यसको असर पर्छ ।'

तर लडाकु वर्गीकरण सकिएलगत्तै हुँदै नभएका लडाकुहरूका नाममा माओवादीले डेढ अर्ब खाएको सार्वजनिक भएपछि पार्टीहरू ऊसँग झस्किएका छन् । भट्टराईले प्रधानमन्त्री हुनासाथ लडाकुहरूको मासिक भत्ता एक हजार पाँच सयले बढाएको कुरा पनि दलहरूलाई मन परेको छैन । 'नक्कली लडाकुहरू' बारे दलहरूलाई पहिल्यै शंका नभएको होइन तर अहिले त्यसको पुष्टि भएपछि माओवादी रक्षात्मक अवस्थामा पुगेको छ ।

बाँकी पृष्ठ १४ ▸▸



## संविधान बनाउने कार्यतालिका

- **विवाद समाधान गरिसक्ने**- पुस १५ सम्म
- **उपसमितिको प्रतिवेदन संवैधानिक समितिमा छलफल**- पुस २० सम्म
- **सहमति नभएका विषयमा संविधानसभाबाट बहुमतले निर्णय गर्ने**- पुस २५ सम्म
- **राज्य पुनर्संरचनाबाहेकको एकीकृत मस्यौदा निर्माण**- माघ १५ सम्म
- **पहिलो एकीकृत मस्यौदा जारी गर्ने**- फागुन २२ सम्म
- **पहिलो मस्यौदामा जनमत संकलन**- चैत १५ सम्म
- **जनमतका आधारमा मस्यौदा परिमार्जन**- चैत मसान्तसम्म
- **संविधानसभाको निर्देशनसहित संविधान विधेयक तयार गर्ने**- वैशाख ७ सम्म
- **नयाँ संविधानको विधेयकमाथि दफावार छलफल गरी पारित गर्ने**- जेठ ७ सम्म
- **नयाँ संविधानमा सभासदको हस्ताक्षर, अध्यक्षको प्रमाणीकरण र राष्ट्रपतिबाट घोषणा**- जेठ १४ सम्म

समाचार पृष्ठ ५ मा

## भित्र



बाँडी बाँडी सिध्याइँदैछ राज्यकोष — पृष्ठ ६

**अन्य**

चिनियाँ प्रधानमन्त्रीको भ्रमणका एजेन्डा धमाधम तयार — पृष्ठ २
आदि/इत्यादि **विजयकुमारको स्तम्भ** — पृष्ठ ३
बुँदै बुँदाको राजनीति — पृष्ठ ३
जब्बर कर्मचारी — पृष्ठ ७
लडाकुका कथाव्यथा — पृष्ठ ८/९
घरजग्गाको मूल्य घट्ने — पृष्ठ १५

